## मिति:२०७७।०१।२९ गतेको सर्वदलीय बैठकका निर्णयहरू

**प्रस्ताव नं. १ : क्वारेन्टाइन थप गर्ने सम्बन्धमा।**

**निर्णय नं. :-** विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) बाट को कारण भारतीय नाकाबाट अउनेहरूको संख्या दिनानुदिन बढन गई बुद्धभुमि नगरपालिका को गौतम बुद्ध मा.वि. मा रहेको क्वारेटाइनमा क्षमता भन्दा बढी व्युक्तिहरू राख्नु पर्ने भएको अवस्थालाई मध्येनजर गर्दै तथा कोरोना संक्रमण रोक्नको लागि बढी व्यवस्थित गर्न प्रत्येक वडामा तपसिल बमोजिम स्थान र क्षमताको वडा स्तरीय क्वारेन्टाइन व्यवस्थापन गर्ने निर्णय गरियो। साथै उक्त क्वारेन्टाइन सञ्चालनको लागि तपसिल बमोजिम बजेट उपलब्ध गराउने र उक्त क्वारेन्टाइन व्यवस्थापनको लागि वडा सचिव वा निज गैर हाजिर भएको वडाको हकमा स्वास्थ्य चौकी प्रमुखलाई पेश्की उपलब्ध गराउने निर्णय गरियो।

तपसिल

| वडा नं. | क्वारेन्टाइन रहने स्थान | वेड संख्या | बजेट |
|---|---|---|---|
| १ | मणिअमर आधारभूत वि., टिक्कर | ५० | १,००,०००।- |
| २ | श्री आधारभूत वि., बडहरा | ५० | १,००,०००।- |
| ३ | ने.रा. मा.वि., रनगाई | ५० | १,००,०००।- |
| ४ | भृकुटी मा.व., बुडढी | ५० | १,००,०००।- |
| ५ | ने.रा. मा.वि. चौरी, राजपुर | ५० | १,००,०००।- |
| ६ | जनप्रिय आधारभूत वि., कडौलिया | १०० | ३,००,०००।- |
| ७ | फुलकली मा.वि. ,डेरवा | १०० | ३,००,०००।- |
| ८ | निमडाँडा मा.वि., हरिहरपुर | १०० | ३,००,०००।- |
| ९ | बुद्धभूमि क्याम्पस, चौवन्न | १०० | ३,००,०००।- |
| १० | मा.वि., धनकौली | १०० | ३,००,०००।- |

**प्रस्ताव नं. २ : क्वारेन्टाइनमा सुरक्षा तथा व्यवस्थापन सम्बन्धमा।**

**निर्णय नं. :-** वडास्तरीय क्वारेन्टाइनमा सुरक्षा व्यवस्थापन तथा आवश्यक प्रबन्धको लागि आवश्यक पर्ने स्वयसेबक सम्बन्धित वडाले खटाउने सो बापत काममा खटाएको दिनको ८:०० घण्टाका दरले प्रति सिफ्ट रू. ३००।- का दरले प्रति सिफ्ट १ (एक) जनालाई जोखिम भत्ता उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं. ३ : स्वंयमसेवक परिचालन सम्बन्धमा।**

**निर्णय नं. :-** विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को रोकथाम तथा नियन्त्रणलाई अझ बढी व्यवस्थित गर्न वडामा रहेका क्वारेन्टाइन व्यवस्थापनको लागि वडा जनप्रतिनिधि मार्फत संघ/संस्था/राजनैतिक दल/युवा क्लबहरूको समन्वयमा स्वंयसेवक ककव्यवस्था गरी परिचालन गर्ने।

**प्रस्ताव नं. ४ : नगरपालिकाबाट उपलब्ध गराइने सेवा तत्कालका लागि स्थगित गर्ने सम्बन्धमा।**

निर्णय : नगरपालिकाबाट सञ्चालन गरिने विकास निर्माण लगायत अन्य सेवाहरू २०७७ जेठ ५ गते सम्मको लागि अत्यावश्यक सेवा बाहेक सम्पूर्ण कार्य बन्द गरी नगर सिल गर्नु पर्ने भएकोले आ-आफ्नो घरमा सुरक्षित साथ बस्न सम्पूर्ण नगरवासीहरूलाई अनुरोध गर्ने निर्णय गरियो।